Dear All,

Human Rights Alliance held two days Human Rights National Conference in Kathmandu on 2068 Push 7 & 8. The National Conference concluded with some resolutions. Here I have an attachment of the resolutions for your information.

With warm regards,

Samir Nepal

मानवअधिकार एलाइन्सद्धारा आयोजित दोस्रो मानवअधिकार राष्ट्रिय सम्मेलनद्वारा जारी काठमाडौं मानवअधिकार घोषणा पत्र।

८ पौष २०६८

मानवअधिकार एलाइन्सको आयोजनामा पौष २०६८ पौष ७ र ८ गते काठमाण्डौमा दोस्रो मानवअधिकार राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । देशका ७५ वटै जिल्लाका मानवअधिकार रक्षकहरुको सहभागिता रहेको सो सम्मेलनमा नेकपा ा एमालेका केन्द्रीय उपाध्यक्ष तथा पूर्वमंत्री अशोककुमार राईको प्रमुख आतिथ्यता, अन्य दलका केन्द्रिय नेतृत्व र मानवअधिकार आन्दोलनका अगुवाहरुको उपस्थिति रहेको थियो । सम्मेलनमा मानवअधिकार र सामाजिक न्यायसँग सरोकार राख्ने ८ वटा समसामयिक विषयहरुमा कार्यपत्र सहित छलफल भएको थियो । यो सम्मेलनले २ दिनको व्यापक छलफल तथा वहस पश्चात प्राप्त निस्कर्षलाई काठमाडौं मानवअधिकार घोषणा पत्र को रुपमा तयार गरेको छ भने समसामयिक विषयहरुमा नेपाल सरकारको ध्यानाकर्षण गरेको छ ।

१ प्रस्तावना ः

मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ र नेपालले हालसम्म गरेका मानवअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरुको हार्दिक सम्मान गर्दै,

नेपालको अन्तरिम संविधान २०६३, विस्तृत शान्ति सम्झौता तथा सरकार र विभिन्न दल तथा समूहहरुवीच सम्पन्न भएका विभिन्न सहमतीहरुको स्मरण गर्दै,

नेपाल सरकारले मुलुकमा पिछाडि पारिएका महिला, वालवालिका, दलित, आदिवासी जनजाती, अपांगता भएका व्यक्तिहरु, तराई मधेश, कर्णाली लगायतका क्षेत्रीय सवालहरु, गरिव तथा पछाडि पारिएका समुदायहरुको अधिकार सुनिश्चितताका लागि गरेका प्रयासहरु र ती वर्ग तथा समुदायहरुले आफ्ना अधिकारको सुनिश्चितताका लागि निरन्तर रुपमा गरिरहेका प्रयासहरुमा ऐक्यवद्धता जनाउँदै,

मुलुकको संक्रमणकालीन अवस्था, राजनीतिक दलहरुवीच पटक पटक भएका सहमती तथा सम्झौताहरु, आगामी जेष्ठ १४ गते नयाँ सम्विधान जारी गर्ने प्रतिवद्धताहरुको स्मरण गर्दै,

मानवअधिकारको संरक्षण, सम्वद्र्धन र पालनाको सन्दर्भमा समाजमा विद्यमान दण्डविहिनताको अन्त्य गर्न विधिको शासन र मानवअधिकार संस्कार विकास गर्दै, सामाजिक न्याय, समानता, समावेशीतालाई राष्ट्रिय मूलप्रवाहिकरणको अभियानलाई जागृत गर्दै,

मुलुकमा मानवअधिकार संरक्षणका लागि ग्रामिण तहबाट संगठित प्रयासहरु जारी राख्नुपर्ने अपरिहार्यतालाई आत्मसात गर्दै

देशका ७५ वटै जिल्लाबाट प्रतिनिधित्व गरिरहेका हामी मानवअधिकार सम्मेलनका सहभागीहरु निम्नअनुसारका घोषणाहरु गर्दछौं ।

२ घोषणा

- जहाँ मानवअधिकार उल्लंघन, त्यहाँ मानवअधिकारकर्मी, एक गाविस एक मानवअधिकार रक्षक, भन्ने नारालाई सार्थक बनाउन यो मानवअधिकार सम्मेलनका सहभागीहरु प्रतिवद्धताका साथ क्रियाशिल बन्नेछौं ।
- हामी सबै प्रकारका विभेदबाट मुक्त मानवअधिकार र सामाजिक न्यायमैत्री समाज निर्माणको पक्षमा छौं तसर्थ मानवअधिकारमैत्री संविधान निर्माणका लागि निरन्तर हाम्रो निगरानी र दवाव जारी रहनेछ ।

- गरिव, विपन्न र सीमान्तीकरणमा पारिएका समुदायका अधिकारलाई ग्रामिण स्तर सम्म अनुभूत गराउन नागरिक तथा राजनीतिक अधिकारका साथसाथै नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक, विकास लगायतका अधिकारहरुको कार्यान्वयनको लागि अनुगमन गर्न निरन्तर लाग्नु पर्ने आवश्यकता वोध गर्दछौं ।

३ यो सम्मेलन नेपाल सरकार, राजनीतिक दलहरु र संविधान सभा समक्ष निम्न अनुसारका कार्यहरु गर्न विशेष आग्रह गर्दछ ।

- सर्वोच्च अदालतले गरेको फैसला र जनभावनाको उच्च कदर गर्दै संविधान सभाले अन्तिम पटक तोकेको मिति २०६९ साल जेष्ठ १४ गतेभित्र मानवअधिकारमैत्री संविधान जारी गर्नका लागि संविधान सभा समक्ष जोडदार माग गर्दछ । साथै आम नेपालीवीच प्रतिवद्धता व्यक्त गरेको समयमा नै सम्विधान जारी गर्नका लागि दलहरुवीच सम्पन्न सहमतीहरुको कार्यान्वयन गर्न राजनीतिक दलहरुसमक्ष जोडदार आग्रह गर्दछ ।
- संक्रमणकाल व्यवस्थापन तथा शान्ति प्रक्रियासँग सरोकार राख्ने लडाकु समायोजन प्रकृया, सत्य निरुपण तथा मेलमिलाप आयोग, वेपत्ता नागरिक छानवीन आयोग लगायतका संयन्त्रहरु तत्काल गठन गर्न र शान्ति तथा पुनर्निमाण मन्त्रालय अन्तर्गत वितरण तथा कार्यान्वयन भएको समग्र वजेटको प्रभावकारी अनुगमन गरी राहत प्रकृया व्यवस्थित गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।
- सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायहरुको विकासको अधिकारको सुनिश्चित गर्दै आगामी बन्ने सम्विधानमा ती समुदायका मानवअधिकारको अनुभूत हुने व्यवस्थ ागर्न संविधान सभा समक्ष जोडदार आग्रह गर्दछ ।
- स्थानीय निकायमा प्रवाह भएको वजेटको ठूलो हिस्सा प्रभावकारी सदुपयोग नभएको, स्थानीय स्रोत साधनको दुरुपयोग बढेको तथा सीमान्तकृत समुदायको अधिकार नीतिगत व्यवस्था भए पनि कार्यान्वयन पक्ष अत्यन्त फितलो र कमजोर भएको ठहर गर्दै उक्त समुदायको अधिकार सुनिश्चितताका लागि स्थानीय निकायको निर्वाचन तत्काल गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।
- मुलुकको मानवअधिकारको संरक्षण र प्रवद्र्धनमा अधिकार सम्पन्न मानवअधिकार आयोगको आवश्यकता रहि नै रहेको छ । मुलुकको समग्र मानवअधिकारको अवस्था सुधार गर्नका लागि र मुलुकलाई मानवअधिकार मैत्री बनाउनका लागि आगामी संविधानमा व्यवस्था गर्न संविधान सभा समक्ष जोडदार माग गर्दछ ।
- कालिकोट जिल्लाको जुविथा गा.वि.स. वडा नं. ४ का मनवीर सुनारको हत्या चुल्हो छोएको निहुँमा भएको छ । उक्त हत्याको घटना प्रति यो सम्मेलन निन्दा र भत्र्सना गर्दछ । साथै उक्त घटनामा संलग्न व्यक्तिहरुलाई कडा भन्दा कडा भन्दा कडा कारवाही गरि छुवाछुत प्रथालाई दुरुत्साहन गर्न र पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।
- हाल तराईका जिल्लामा शीतलहरको प्रकोपबाट ४० जनाको मृत्यु भइरहेको छ । चरम गरिवीका कारण चीसो थेग्न नसकेर उक्त मृत्युको संख्या अझ वढ्ने सम्भावना देखिएको छ । यो सम्मेलन नेपाल सरकार समक्ष शीतलहरबाट मृत्यु भएका परिवारलाई आवश्यक राहत उपलब्ध गराउन र शीतलहरबाट प्रभावित परिवारको सुरक्षा गर्न र चीसोका कारण व्यक्तिको मृत्यु हुने क्रम तत्काल रोक्न जोडदार आग्रह गर्दछ ।
- मानवअधिकारको संरक्षण, सम्वर्धन र पालनाको निम्ति स्थापित राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता, स्वायत्तता र निस्पक्षतालाई सम्मान गर्न पेरिस सिद्धान्त अनुरुप मानवअधिकार आयोगको कानून बनाउन नेपाल सरकार समक्ष माग गर्दछ ।
- सरकारलाई कानूनी राज्यका सिद्धान्त अवलम्बन गर्न, अपराधलाई राजनीतिक संरक्षण दिने प्रवृतिको समूल अन्त्य गर्न, दण्डहिनताको अन्त्य गर्न, अपराधिक गतिविधिमा संलग्न भएका र सर्वोच्च अदालतबाट व्यक्तिहत्याको अभियोग पुष्टि भएका व्यक्तिलाई सभासद पदबाट हटाउन सम्विधान सभा समक्ष जोडदार माग गर्दछ ।

- मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्रको प्रभावकारी कार्यान्वयन गर्नका लागि मानव अधिकार रक्षकहरूको सञ्चार, अभिव्यक्ति, सभा–संगठन तथा सूचनाहरूको आदान–प्रदान गर्न पाउने अधिकारलाई नेपाल कानूनहरुमा सुनिश्चित गरियोस् ।
- महिला–मैत्री आप्रवासन सम्बन्धी कानुन र नीति तर्जुमा गरी महिला प्रवासी कामदारको हक अधिकार सुरक्षित गरियोस् ।
- ज्येष्ठ नागरिकहरुको सामाजिक सूरक्षाको पुर्ण सुनिश्चिता गरी उचित जीवन यापनको निम्ति आवश्यक गाँस, बास, कपास, स्वास्थ्य र सुरक्षाको प्रवन्ध गरी सम्मानित जीवनयापनको संवैधानिक सुनिश्चितता गरियोस् ।
- अपाङ्गतामा रहेका व्यक्तिहरूको राष्ट्रसंघीय महासन्धि अनुकूल राष्ट्रिय कानुन निर्माण गर्दै राज्यका हरेक निकाय, संयन्त्रहरू र निर्णय प्रक्रियामा अपाङ्गतामा रहेका व्यक्तिहरूको न्यायोचित एवं समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्ने र अपाङ्गता भएका व्यक्तिहरूको विशेष अवस्थालाई ध्यान दिंदै दैनिक जीवनमा प्रयोग हुने सार्वजनिक स्थल र प्रतिष्ठानहरूमा अपाङ्ग–मैत्री सुविधायुक्त संरचना सुनिश्चित रहने गरी कानुनी व्यवस्था गरियोस् ।

समाप्त